बैठक संख्या - ९

बैठक सञ्चालन मिति २०७९/१२/०५

**प्रस्तावहरु :**

(क) उपभोक्ता लागत सहभागिता सम्बन्धमा,
(ख) योजना सम्झौता गर्ने अवधि तोक्ने सम्बन्धमा,
(ग) गवै मा.वि. को कम्पाउण्ड वाल निर्माणको गत अ.व.को रकम भुक्तानी सम्बन्धमा,
(घ) कयर खोलाको पुल मुनी तटबन्धन गरेको रकम भुक्तानी सम्बन्धमा ।
(ङ) शिक्षक दरबन्दी मिलान/सरुवा, प्र.अ.व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ पारित गर्ने सम्बन्धमा
(च) कृषि सम्बन्धी उद्योग तथा अन्य उद्योगको रजिष्ट्रेसन पारित गर्दा राजस्व छुट दिन अधिकार प्रत्योजन गर्ने सम्बन्धमा ।

<u>निर्णय नं. १</u>

नगरपालिकाले हालसम्म नगरसभाले उपभोक्ता लागत सहभागिता आवश्यक नपर्ने शिर्षक बाहेक उपभोक्ता समिति मार्फत संचालन हुने अन्य योजनाको नगरसभाले तोकेको दरका आधारमा नगद लागत सहभागिता बापतको रकम नगरपालिकामा दाखिला गर्न लगाई सोहि आधारमा सम्झौता गरि कार्यन्वयन गर्ने गरेको थियो । हालसम्म कुल योजनाको ५०% योजना पनि सम्झौता हुन नसकेको अवस्था रहेको छ । देशमा रहेको हालको आर्थिक अवस्थाको कारण उपभोक्ताले नगदै रकम दाखिला गर्न समस्या भएको भनी जनगुनासो आउने गरेको, नगरपालिकाले नगद लागत दाखिला गर्न लगाउने सोहि बराबरको रकम मात्र पेश्की दिए पनि नगरबाट अन्य रकम पेश्की नदिंदा मूल्य वृद्धि, बजारबाट उधारो सामान उपलब्ध हुन नसकेकोले सो नगद लागत सहभागिता हटाउन पटक पटक जनगुनासो आउने गरेको, योजना सम्झौताको प्रगति पनि गत वर्षको यहि अवधिको भन्दा कम भएकोले योजनाको लागि तोकिएको प्रतिशतका आधारमा लागत सहभागिता जनाएर लागत अनुमान तयार गर्ने र कार्य संचालन पश्चात मुल्यांकन गर्दा सोहि आधारमा मुल्यांकन गरि भुक्तानी दिने व्यवस्था मिलाउने, उपभोक्ताद्वारा संचालित कुनै पनि योजनामा पेश्की नदिने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

नगरपालिकाद्वारा संचालित तथा संघ तथा प्रदेश सरकारबाट रकम विनियोजन भई उपभोक्ता समितिद्वारा संचालन गर्ने योजनाको उपभोक्ता समितिसँग योजना सम्झौता गर्दा भौतिक पूर्वाधार निर्माण गर्ने योजनाको सम्झौता २०८० वैशाख १५ गते भित्र र अन्य योजनाको हकमा २०८० वैशाख मसान्तसम्म योजना सम्झौता गरि सक्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

प्रदेश सरकारको स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बजेट विनियोजन भई संचालित वडा नं १३ मा गवै मा.वि को कम्पाउण्ड वाल निर्माण कार्य सम्पन्न गत वर्ष नै भइसकेको तर आषाढ मसान्तसम्म प्रदेश सरकारबाट नगरपालिकाको PLMBIS मा सो रकम उपलब्ध हुन नसकेकोले सो रकम भुक्तानी हुन सकेको छैन । मिति २०७९/०३/३० को कार्यपालिका बैठकबाट भुक्तानी दिन बाँकी रकम भनि प्रमाणित भइसकेको, सो रकम मध्ये केहि रकम कुमरोज मध्यवर्ति सामुदायिक वन उपभोक्ता समितिबाट भुक्तानी गर्ने भनि छलफल भइरहेकोले हाललाई उक्त योजनामा नगरपालिकाको योगदानको रकम रु ८ लाख मध्ये ५०% रकम नगरपालिकाको नगरस्तरीय पूर्वाधार विकास कार्यक्रममा विनियोजित रकम मध्येबाट भुक्तानी दिने र बाँकी रकम सम्बन्धित विद्यालयलाई कुमरोज मध्यवर्ति सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गर्न लगाउने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

रत्ननगर नगरपालिका र यस नगरपालिकाको सिमाना भई बग्ने कयर खोलामा बनेको पुल भन्दा मुनि पुलको संरक्षणको लागि बनाइएको चेक ड्याम भत्किन गई पुल संरक्षणमा समस्या देखिएकोले सोको संरक्षणको लागि तत्काल ग्याबिन जाली लगाइएको थियो । सो बापत कुल रु २,५९,३२७/५८ खर्च र सो मध्ये नगरपालिकाबाट व्यहोर्नु पर्ने रकम रु २,२५,०००/- मध्ये ५०% रकम रु १,१२,५००/- नगरपालिका अन्तर्गतको विपद व्यवस्थापन कोषबाट खर्च गरि भुक्तानी दिने र बाँकी ५०% रकम भुक्तानीको लागि रत्ननगर नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

नगर कार्यपालिकाको कार्यालयबाट ड्राफ्ट तयार गरि विधयेक समितिमा छलफल गरि पारितको लागि पेश भएको शिक्षक दरबन्दी मिलान/सरुवा, प्र.अ. व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

बागमती प्रदेश सरकारबाट जारि भएको आर्थीक वर्ष २०७९/८० को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यन्वयन गर्न बनेको ऐन २०७९ को विविध खण्डको दफा (४), (५) र (६) मा केहि शिर्षकको घरजग्गा रजिस्ट्रेसन शुल्कमा व्यवसाय संचालन भएको क्षेत्रको स्थानीय तहको सिफारिसमा ५०% छुट हुनेछ भन्ने व्यवस्था रहेको छ । माथि उल्लेखित आर्थिक ऐनमा स्थानीय तहले सिफारिस गर्ने व्यवस्था गरेकोले सो सिफारिस गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।